नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र, रसुवा
## DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

**बैठक संख्या** :-

**बैठक मिति** :- २०७८।०१।०८ गते

**स्थान** :- जिल्ला प्रशासन कार्यालय, रसुवा

### DCCMC सदस्यहरु

**सल्लाहकार:**

| | |
|---|---|
| श्री कूल प्रसाद भट्ट | प्रमुख- जिल्ला समन्वय समिति, रसुवा |

**जिल्ला समिति:**

| | | |
|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री सचिन खड्का | सेनानी, श्री विष्णुदल गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक. स.प्र.वल नेपाल नं.२० गुल्म हे.क्वा. | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत, स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री कौशिक सापकोटा | नि.मे.सु., रसुवा अस्पताल | सदस्य |
| श्री दुर्गा थापा के.सी. | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

**आमन्त्रित:**

| | |
|---|---|
| श्री मनिषा देवकोटा | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कार्यालय, रसुवा |

**प्रस्ताव:**

- नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## निर्णयहरुः

**निर्णय नं. १**

नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७८।०१।०६ को निर्णयबाट भएको आदेश कार्यान्वयन सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४, मिति २०७८।०१।०६ को पत्रबाट निर्देशन बमोजिम यस जिल्लामा समेत कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि निम्नानुसार गर्ने/गराउनेः

१. शैक्षिक संस्थाहरु सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गर्ने, गर्न लगाउने।

२. सार्वजनिक स्थानहरुमा एक पटकमा २५ जना भन्दा बढी भेला नहुने साथै दैनिक उपभोग्य सामग्री, अत्यावश्यक पसलहरुले जनस्वास्थ्यका मापदण्डहरु पूर्ण पालना गरी पसलहरु सञ्चालन गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापनले बढीमा रु.१०/- लिई मास्क उपलब्ध गराउने।

३. मेला, महोत्सव, विवाह, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलाली लगायतका अत्यावश्यक परापरागत धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मात्र यस्ता कार्यहरु सञ्चालन गर्ने।

४. मठ मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्राथना मात्र गर्ने, गराउने।

५. सभा, सम्मेलन, गोष्ठी सेमिनार, बैठक तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थिति नभई गर्नेपर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

६. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः
   - सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
   - सबै यात्रुहरुले अनिवार्य मास्क प्रयोग गर्ने,
   - सवारी साधनको ढोका सवारी साधन भित्र सेनिटाईजरको व्यवस्था गर्ने,
   - चालक तथा सह-चालकले मास्क र भाईजर लगाउने,
   - सवारी साधनहरुलाई दैनिक रुपमा निसङक्रमित गर्ने,
   - सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा रु.१०/- लिई मास्क उपलब्ध गराउने,
   - मास्क नलगाउने व्यक्तिलाई सवारी साधन प्रवेशमा रोक लाउने,
   - लामो दुरी चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) रसुवालाई उपलब्ध गराउने।

७. कार्यालय, पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने। मास्क नलगाई आएमा कार्यालय प्रवेशमा रोक लगाउने।

८. होटल तथा रेष्टुरेण्टहरु बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

९. कोभिड-१९ रोकथाम, रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि देहाय बमोजिम गर्नेः

- जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने,
- घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएमा विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टबिन वा प्लाष्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी ५ दिनपछि मात्र विसर्जन गर्ने,
- घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरिएको मास्क जथाभावी नफाल्ने,
- विदेशबाट आउँदा वा निटक संकटमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तिमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,
- RT-PCR परीक्षणका लागि स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर हिडडुल, भेटघाट र बैठक नगर्ने,
- स्थानीय तहमा क्वारेन्टिन र आईसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,
- अन्य व्यक्तिले जनस्वास्थ्य मादपण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, आमा समूह, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने,
- होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्क रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भए तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्ने ।

१०.यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा(२) बमोजिम प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार समेत प्रयोग गर्ने ।

११.कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि प्रमुख जिल्ला अधिकारीले संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकारको प्रयोग गर्नुका अतिरिक्त देहायका कार्यहरु समेत गर्नेः-

- यस आदेश बमोजिम निषेध, नियन्त्रण र नियमन गरिएका काम कारवाही सो बमोजिम भए/नभएको र यस आदेशको पालना भए/नभएको अनुगमन गरी सो को परिपालना गर्ने/गराउने,
- अन्तर्राष्ट्रिय स्थलगत सीमानाकाबाट प्रवेश गर्ने व्यक्तिलाई क्वारेन्टिन, आईसोलेशन वा गन्तव्यमा पुऱ्याउन स्थानीय तहलाई आवश्यक सहयोग पुऱ्याउने,
- यस आदेश बमोजिम आवश्यक संयन्त्र निर्माण भए/नभएको, जनशक्ति परिचालन गरे/नगरेको, स्वास्थ्य सेवा, एम्बुलेन्स, शव वाहन, ढुवानी लगायतका अन्य अत्यावश्यक व्यवस्था गरे/नगरेको अनुगमन गर्ने र सो कार्यमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने, गराउने।
- व्यक्ति र समुदायस्तरबाट गरिने क्रियाकलापको नियमित अनुगमन तथा मार्ग निर्देशन गर्ने ।
- जनस्वास्थ्यका मापदण्ड पालना भए/नभएको सम्बन्धमा दैनिक अनुगमन गरी पालना नगर्ने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गरी सोको विवरण कोभिड-१९ संकट व्यवस्थापन केन्द्र तथा गृह मन्त्रालयलाई नियमित रुपमा पठाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय